प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# धवलागिरी प्राविधिक शिक्षालय

थासाङ-३, कालोपानी, मुस्ताङ (गण्डकी प्रदेश)

स्थायी लेखा नं.: २०१४३०३५४

दर्ता नं.: ७७

दर्ता मिति: २०८०।०४।०५

आ.व.: २०७९/०८०

च.नं.: २८५

मिति: २०८०।०३।२९

श्रीमान् महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका मेयर ज्यू, गाउंपालिका अध्यक्ष ज्यू, उप मेयर ज्यू, उपाध्यक्ष ज्यू तथा वडा अध्यक्ष ज्युहरु
सम्बन्धित कार्यालयहरु ।

**विषय: सूचना टांस गरि आवश्यक समन्वय गरि दिने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा धवलागिरी अंचलकै पहिलो प्राविधिक आवसीय, CTEVT को आङ्गिक यस शिक्षालयले विगत २८ वर्ष देखि पर्यटन तर्फका ३ बर्षे Diploma in Hotel Management, १८ महिने Pre-Diploma in Hotel Management र १८ महिने Culinary Arts तथा कृषि तर्फ १८ महिने Agriculture (Plant Science) र १८ महिने Livestock Production/ Animal Health (Veterinary) विषयमा प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको कुरा अवगत गराउन चाहन्छु । शैक्षिक शत्र २०८०/०८१ का लागि नयां भर्नाको आवेदन फाराम खुलेकोले प्राविधिक सीप सिकेर गरेर आफूलाई साना साना उद्यमी, व्यावसायी, रोजगार र स्वरोजगार बन्न चाहने SLC वा SEE पास गरि गरीबिको कारणले उच्च शिक्षा हासिल गर्न नसकी सीप बिहिन भएर बसेका युवा युवतीहरुलाई माथिका उल्लेखित विषय अध्ययन गर्न आवश्यक समन्वय गरि दिनुहुन नयां प्रशिक्षार्थी भर्ना सम्बन्धि सुचना यसै पत्र साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ । साथै उक्त सुचना त्यस कार्यालयको सुचना पाटिमा टांस गरि प्रचार-प्रसार कार्यमा सदा झैं सहयोग गरि दिनु हुन समेत अनुरोध छ ।

"सहयोगको लागि धन्यवाद" ।

खड्ग बहादुर सुब्बा
का.मु. शिक्षालय प्रमुख

# धवलागिरी प्राविधिक शिक्षालय

थासाङ ०३- कालोपानी, लेते, मुस्ताङ

९८५७६३३०३०, ९८५६०६६०१९


## नयाँ प्रशिक्षार्थी भर्ना सम्बन्धी सुचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आंगिक शिक्षालय यस धवलागिरी प्राविधिक शिक्षालयमा यसै शैक्षिक शत्र २०८०/०८१ को लागि तपशिल बमोजिमका डिप्लोमा तथा प्रि-डिप्लोमा कार्यक्रमहरुमा भर्नाको लागि एस.ई.ई उतिर्ण ईच्छुक नेपाली नागरीकहरुले आवश्यक कागजातहरु सहित आवेदन फारम भर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

### सञ्चालित कार्यक्रमहरु

| क्र.स | कार्यक्रमहरु | सिट | शुल्क पुरा कोर्षको | धरौटि (पछि फिर्ता हुनेगरी) | जम्मा शुल्क |
|---|---|---|---|---|---|
| १) | डिप्लोमा ईन होटल म्यानेजमेन्ट | ४० | रु ५५,००० | रु ५,००० | रु ६०,००० |
| २) | प्रि-डिप्लोमा ईन होटल म्यानेजमेन्ट | ३० | रु १०,००० | रु १,००० | रु ११,००० |
| ३) | प्रि-डिप्लोमा ईन कुलिनरी आर्टस् | ३० | रु ११,००० | रु १,००० | रु १२,००० |
| ४) | प्रि-डिप्लोमा इन (कृषि बाली विज्ञान) | ४० | रु ८,००० | रु १,००० | रु ९,००० |
| ५) | प्रि-डिप्लोमा इन पशु स्वास्थ्य / पशु उत्पादन | ४० | रु ८,००० | रु १,००० | रु ९,००० |

### शिक्षालयका विशेषताहरु

- हिमालको काखमा अवस्थित नेपालकै सस्तो शुल्कमा प्रदान गर्ने शिक्षालय ।
- पूर्ण आवासिय शिक्षालय ।
- मुस्ताङ जिल्लाका थासाङ र घरपझोङ गाउँपालिका बाट आउने प्रशिक्षार्थीहरुलाई मासिक रु २५०० का दरले वार्षिक निर्वाह भत्ता उपलब्ध गराईने ।
- अनुभवि तथा तालिम प्राप्त प्रशिक्षकहरुद्वारा प्रशिक्षण गराइने ।
- स्वच्छ वातावरण, सुन्दर र शान्त स्थानमा अवस्थित शिक्षालय ।
- सुविधा सम्पन्न प्रयोगात्मक ल्याबहरुको व्यवस्था ।
- व्यवस्थित चमेनागृहमा प्रति छाक रु ४१.०० मा खानाको व्यवस्था ।
- डिस्पेन्सरी सहितको तालिम प्राप्त स्वास्थ्यकर्मिको व्यवस्था ।
- पर्यटन तर्फका प्रशिक्षार्थीहरुको प्रतियोगितात्मक अभ्यासको लागी पर्यटक स्तरको आफ्नै सुविधा सम्पन्न होटलको व्यवस्था ।
- वैकल्पिक उर्जाको व्यबस्था
- कृषि बाली विज्ञान तथा भेटेरिनरी पशुपालन समुहको प्रयोगात्मक अभ्यासको लागि प्रशस्त मात्रामा जग्गा तथा पशुहरुको व्यवस्था भएको ।

### आवश्यक कागजातहरु

SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांक पत्र, प्रवेशिका परीक्षाको चारित्रिक प्रमाणपत्र ,आरक्षण गरिएको कोटाको लागि सम्बन्धित निकायको सिफारिस पत्रहरुको प्रमाणित प्रतिलिपि १/१ प्रति र हालसालै खिचिएको पासपोर्ट साइजको ४ प्रति फोटो ।

### आवेदन फारम बुझाउने अन्तिम मिति : २०८०/०४/१२ गते शुक्रबार सम्म

| सम्पर्क व्यक्तिहरु |
|---|
| खड्ग बहादुर सुब्बा (कार्यालय प्रमुख) ९८५७६३३०३० |
| सरोज थानिया (Diploma Co-Ordinator) ९८०८७२८०८४/९८४१६१५२९९ |
| जय गुरुङ (पर्यटन शाखा प्रमुख) ९८६०९६६०३० |
| प्रदिप गौतम (कृषि शाखा प्रमुख) ९८५७६४८७३३ |

### प्रवेश परीक्षा सञ्चालन हुने मिति

१) डिप्लोमा तहको २०८० श्रावण २४ गते बिहान ८:०० बजे ।

२) प्रि-डिप्लोमा तहको २०८० श्रावण २४ गते दिउसो १:०० बजे ।

### फारम पाइने स्थानहरु

**धवलागिरी प्राविधिक शिक्षालय**
थासाङ ०३- कालोपानी, लेते, मुस्ताङ
९८५७६३३०३०, ९८५७६४८७३३
dts.ctevt@gmail.com

**शिक्षा विकास तथा समन्वय इकाई बाग्लुङ**
संमिट चोक, बाग्लुङ
०६८५२०१०५

CTEVT, गण्डकी प्रदेश, प्रदेश कार्यालय, मालेपाटन, कास्की
०६१५२२२७१/XC2269
ctevtgondaki@gmail.com

**शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दी**
०६९५२०१०५

### परीक्षा हुने स्थान

१) धवलागिरी प्राविधिक शिक्षालय, थासाङ्ग ०३-कालोपानी,लेते, मुस्ताङ

२) शिक्षा विकास तथा समन्वय इकाई, कार्यालय, बाग्लुङ

३) CTEVT गण्डकी प्रदेश, प्रदेश कार्यालय, कास्की

### डिप्लोमा तहको लागि न्यूनतम शैक्षिक योग्यता

मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम १.६ जि.पि.ए अथवा परिषदबाट सञ्चालन हुने कार्यक्रम प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उतीर्ण गरेको ।

### आवेदन फारम शुल्क

१) डिप्लोमा तह को लागि रु १५००।-

२) प्रि-डिप्लोमा तह को लागि रु ५००।-

शिक्षालयको नाममा रहेको प्रभु बैंकको DHAWALAGIRI PRABIDHIK SHIKSHALAYA JAGEDA खाता नं.२८०७०८१५६०१०००२८ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

बिस्तृत जानकारीका लागि यस शिक्षालयको वेभ साईट www.dts.edu.np वा यस शिक्षालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

www.dts.edu.np dts.ctevt@gmail.com